


# प्रदेश-३



'भारतीयलाई नेपाली अस्मितामाथि प्रहार गर्न दिँदैनौं, हाम्रो मातृभूमिको माटो लग्न दिँदैनौं, नेपालीको शरीर मातृभूमिका लागि हो, मातृभूमिको रक्षाका लागि रगत बग्नुले ठूलो अर्थ राख्दैन।'

# १८ वर्षपछि सरकारले सम्झियो हेटौंडा कपडा

रोशन पराजुली, हेटौंडा

कुनै समय देशभर चर्चा कमाएर एकाएक बन्द भएपछि हाल खण्डहर बनेको हेटौंडा कपडा उद्योग पुन:सञ्चालनमा आउने दाबी गरिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले ३ नम्बर प्रदेशसभालाई सम्बोधन गर्दै उद्योग पुन: सञ्चालनमा ल्याइने दाबी गर्नुभएको हो।

'हेटौंडा कपडा उद्योग सञ्चालनमा आउँछ, उद्योग फेरि चलाउने अठोट गरेको छु, फेरि चल्छ', उहाँले भन्नुभयो- 'त्यसका निम्ति नयाँ मेसिन जडान गरिनेछ र निजी क्षेत्रलाई व्यवस्थापनको जिम्मा दिइनेछ।'

प्रधानमन्त्री ओलीले निजी क्षेत्रलाई सेयर हाल्न लगाउने नीति ल्याउने बताउँदै आधुनिकीकरणमा लैजान जोड दिनुभयो। सरकारी क्षेत्रको मात्र उद्योगमा लगानी हुँदा त्यसलाई फेरि सिध्याउने काममात्र गर्ने बताउँदै उहाँले हेटौंडा कपडा उद्योगमा निजी लगानी प्रोत्साहन गरिने बताउनुभयो।

प्रधानमन्त्री ओलीले नेपालीमा उपभोगवादी प्रवृत्ति हाबी हुँदै गएका कारण देशका विभिन्न कारखाना बन्द भएको बताउनुभयो। प्रम ओलीले कपडा कारखाना नेपालीकै कारण बन्द भएको दाबी गर्नुभयो।

'हामीले कपडा कारखाना सिध्याइदियौं, तर कपडा राम्रै लगाउनुपर्छ। हामीले कपास खेती सिध्याइदियौं, तर कपडा राम्रै लगाउनुपर्छ', उहाँले चिन्ता जनाउनुभयो- 'हामी उत्पादनमुखी भएनौं।'

प्रधानमन्त्री ओलीले नेपाललाई आधुनिकीकरण र औद्योगिकीकरण बनाएर समृद्ध मुलुक बनाउने सरकारी लक्ष्य रहेको चर्चा गर्दै नेपालमा कोइलाखानी, सुनखानी, अन्य खनिजको प्रशस्त सम्भावना रहेको बताउनुभयो।

विभिन्न सरकारले २०५७ सालदेखि पूर्णरूपमा बन्द रहेको औद्योगिक क्षेत्रस्थित हेटौंडा कपडा उद्योग ब्युँताउने चाहना र प्रयास जारी राख्दै आएका छन्। सरकारले लचकता अपनाएर उचित मूल्यमा लिजमा दिइए उद्योग ब्युँतिने आशा राखिएको हो।

चीनको सहयोगमा स्थापना भएको हुनाले नेपाल-चीन उद्योग वाणिज्य संघ मकवानपुर च्याप्टरले यसको प्रयास जारी राखेको छ। उसले सम्बन्धित व्यक्तिसँग भेट र परामर्शलाई प्राथमिकतामा राख्दै आएको छ। जबकि, २०६९ माघमा सरकारी शेयर रहने गरी उद्योगले चर्चेको जग्गा औद्योगिक क्षेत्रको नाममा गएपछि औद्योगिक क्षेत्र व्यवस्थापनले त्यसै स्थानमा नयाँ उद्योगलाई स्वागत गर्ने तयारी गरेको छ।

च्याप्टर अध्यक्ष सुरेन्द्र श्रेष्ठले तत्कालीन अवस्थामा बहुप्रतिक्षित र चाँडै सञ्चालनमा आउने भनिएको हेटौंडा कपडा उद्योगलाई सरकारले खारेज गर्ने निर्णय गरेकोमा दु:ख व्यक्त गर्नुभयो। उहाँका अनुसार उद्योग पुन:सञ्चालनमा ल्याउन धेरै प्रयास गरिएको छ।

'उपयुक्त वातावरण भए नेपाली लगानीकर्ता उद्योग पुन:सञ्चालन गर्न सक्षम छन्', उहाँले भन्नुभयो- 'नभए चीनबाट लगानीकर्ता ल्याएर उद्योग पुन:सञ्चालन गर्न सकिन्छ। यसका लागि सरकार लचक हुनुपर्छ।'

उद्योगको जग्गामा हाल नयाँ उद्योग स्थापनाको तयारी भए पनि उद्योगलाई संरक्षित गरेर पुन:सञ्चालनमा ल्याउनुपर्ने श्रेष्ठको विचार छ। 'औद्योगिक क्षेत्र व्यवस्थापनले रुचि दिनुपर्‍यो, उद्योग पुन:सञ्चालनमा आउँछ', उहाँले निर्धक्क भएर भन्नुभयो- 'केही नयाँ मेसिन थपेर चलाए उद्योग पुन:सञ्चालनमा आउने निश्चित छ। यहाँ उत्पादित कपडा प्रहरी र सेनाले प्रयोग गर्ने वातावरण बने यो सहज छ।'

कपडा उद्योग भवनले ३ लाख ५५ हजार वर्गफिटको विशाल क्षेत्र ओगटेर बसेको छ। उद्योग पुन:सञ्चालनमा ल्याउने प्रयास गर्दा सरकारको ठूलो रकम खेर गइसकेको छ। मन्त्रिपरिषद् बैठकले उद्योग सञ्चालन गर्न नसक्ने जनाउँदै निजीकरण गर्ने निर्णय गरेपछि सरकारी लगानी खेर गएको हो। उद्योग पुन:सञ्चालन गर्न रकम धेरै लाग्ने भएको जनाउँदै सरकारले पुन:सञ्चालन गर्न नसक्ने बताउँदै आएको छ।

२०६९ माघ १२ को निर्णयानुसार सरकारले आफ्नो ३६ करोड सेयर रहने गरी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई जग्गा, भवन र मेसिनरीसहित हस्तान्तरण गरेको छ। उद्योगको जग्गामा नयाँ उद्योग प्रवर्द्धन गर्न प्राप्त सरकारी आदेशअनुसार नयाँ अभियान थालनी गरिएको छ।

उद्योगको क्षेत्र औद्यौगिक क्षेत्रलाई जिम्मा दिइएपछि त्यहाँ 'नयाँ औद्योगिक क्षेत्र' निर्माण थालिएको छ। सरकारी निष्क्रियताका कारण २०६० मंसिरदेखि लिक्विडेसनमा गएको उद्योगको जमिनमा कम्तीमा नयाँ ५० उद्योग स्थापनाको तयारी थालिएको हो।

एमाओवादी नेतृत्वको सरकारले उद्योग पुन:सञ्चालन तयारीका रकम निकासा गरेको थियो भने उद्योगमा करिब ६५ जना कर्मचारी नियुक्त गरिएका थिए। तर, सरकारले उद्योग नचलाउने निर्णय गरेको थियो।

उद्योग पुन:सञ्चालनमा ल्याउन मेसिन मर्मत पनि गरेर आवश्यक कपासका लागि टेन्डर भएको थियो। २ कम्पनीले कपासका लागि टेन्डर फाराम भरेका थिए। ८ करोड रुपियाँमा उद्योगमा मर्मतसम्भार गरी कपास टेन्डर भएको अवस्थामा सरकारले उद्योग खारेज गर्ने निर्णय गरेको थियो।

उद्योगमा १४ हजार ६ सय ८८ वटा धागो कात्ने मेसिन, ४ सय ४४ वटा तानलगायत रंगाइ, छपाइका मेसिन, लुम र स्पेनिङजस्ता मेसिन छन्। सस्ता कपडासँग प्रतिस्पर्धा गर्न नसक्दा उद्योग थला परेको थियो। अधिकांश महिलासहित करिब १ हजार १ सय कामदार कर्मचारीले एउटै छानामुनि प्रत्यक्ष रोजगार पाएको उद्योग बन्द हुँदा हेटौंडा क्षेत्रको आर्थिक क्रियाकलापमा हालसम्म प्रतिकूल प्रभाव पर्दै आएको छ। उद्योग निरन्तर घाटामा जान थालेपछि सरकारले २०५७ फागुनदेखि बन्द गरेको थियो।

# राजधानीका लागि सम्भाव्यता अध्ययन गरिंदै

मोतीराम तिमल्सिना, काभ्रे

प्रदेश ३ को राजधानीका लागि सम्भाव्यता अध्ययन गर्न बनेको संसदीय समितिले काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न स्थानको अवलोकन गरेको छ। राजधानी राख्न प्रस्ताव गरिएका स्थानको अवलोकन गरी टोली भक्तपुर फर्किएको छ।



संसदीय समितिका संयोजक दीपक निरौलाको संयोजकत्वमा अनुगमन गर्न आएको टोलीले जिल्लाको आईटी पार्क, भूमि व्यवस्थापन केन्द्र, शैक्षिक तालिम केन्द्र तथा जिल्लामा खाली रहेका सरकारी कार्यालयका भवन र त्यसले चर्चेका जमिनको अवलोकन गरेको थियो। प्रस्तावित राजधानीका लागि आवश्यक पर्ने जमिन, भौतिक पूर्वाधार, यातायात, शिक्षा, स्वास्थ्य, सुरक्षालगायतका हिसाबले काभ्रेपलाञ्चोक जिल्ला उपयुक्त भएको निष्कर्ष जिल्ला समन्वय समितिले तयार गरेको सामग्रीले पुष्टि गरेको समन्वय प्रमुख उद्धव केसीले जानकारी दिए।

संयोजक निरौलाले राजधानीका लागि संसद्मा दर्ता भएका निवेदनका आधारमा निवेदन दर्ता भएका जिल्लाको अवलोकन गरिएको बताए। 'हामी सबै जिल्लाको अनुगमन सकेर प्रतिवेदन बुझाउने छौं', संयोजक निरौलाले भने- 'असार ११ भित्रै प्रतिवेदन बुझाएर राजधानीको टुंगो लगाउने विषयमा कुराकानी भएको छ।' अध्ययन गर्न गठित समितिले सबै जिल्लाको अवस्थाका बारेमा स्थलगत अध्ययन गरिरहेको छ। भक्तपुर सकेर जेठ ३१ गते चितवनको अध्ययन गर्ने कार्यतालिका छ। यसअघि नुवाकोट जिल्लाको समग्र परिस्थितीका बारेमा अध्ययन गरिएको थियो।

काभ्रेपलाञ्चोक जिल्लामा प्रस्ताव गरिएको आईटी पार्कमा १४ परिवारलाई आवाससहित २ वटा मुख्य भवन छन्। ५ सय रोपनी जमिन रहेको उक्त क्षेत्रमा स्थायीरूपमा प्रदेश तहको राजधानी बनाउने गरी संरचना निर्माण गर्न सकिने जिल्ला समन्वय समिति काभ्रेका प्रमुख उद्धव केसीले टोलीलाई जानकारी गराए। प्रदेश प्रमुखको कार्यकक्ष, कार्यालय, मुख्यमन्त्रीको कार्यालय, कार्यकक्ष, मन्त्रालय र मन्त्री क्वाटर तथा संसदीय समितिको बैठकका लागि आवश्यक पर्ने पूर्वाधार काभ्रेपलाञ्चोक जिल्लामा रहेका सबै कार्यालयले धान्न सक्ने अवस्थामा छन्। शैक्षिक तालिम केन्द्रमा रहेको अडिटोरियम हल संसद्को रूपमा प्रयोग गर्न सकिन्छ भने त्यहाँ रहेका अन्य ६ वटा हल संसदीय समितिको बैठकका रूपमा प्रयोग गर्न सकिन्छ। त्यस्तै सभामुख, उपसभामुखलगायत क्वाटरका लागि पनि सोही कम्पाउन्डमा रहेका भवन उपयोग गर्न सकिने इन्जिनियर अशोक अधिकारीले बताए।

टोलीले जिल्लाका संरचनाको स्थलगत अध्ययन गरेपछि जिल्लाका सरोकारवाला निकायसँग अन्तरक्रिया गरेको थियो। सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक र उपत्यकाका ३ जिल्लाको जनसंख्या ७५ प्रतिशत रहेको छ। राजधानीका लागि आवश्यक पर्ने जनसंख्या, भौगोलिक अवस्था, सांस्कृतिक अवस्था, आर्थिक र सामाजिक अवस्थाका आधारमा पनि काभ्रेपलाञ्चोक उपयुक्त हुने नेपाल नगरपालिका संघका संयोजक एवं धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जुले बताए। कार्यक्रममा प्रतिनिधिसभा सांसद गंगाबहादुर तामाङ, प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत, राजनीतिक दलका प्रतिनिधि, सामाजिक संघ संस्थाका प्रतिनिधि सहभागी थिए।

टोलीमा सांसद विशाल खड्का, छिरिङ लामा, रिना माझी, वसन्त मानन्धरलगायतको सहभागिता थियो। १३ जनाको संसदीय टोलीमध्ये ११ जना सांसदले स्थलगत अनुगमन गरेका थिए। सोही क्रममा जिल्लाको समग्र वस्तुस्थितिका बारेमा तयार गरेको वृत्तचित्र प्रदर्सनी गरिएको थियो। काभ्रेपलाञ्चोक जिल्लामा बीपी राजमार्ग र अरनिको राजमार्ग मुख्य राजमार्ग छन्। मध्यपहाडी लोकमार्गसमेत काभ्रे जिल्ला हुँदै विस्तार भएको छ।

# नेपाली भूमिरक्षक यादवलाई मानवअधिकार सम्मान

नेपाल समाचारपत्र

हेटौंडा

सप्तरीको तिलाठी सीमा क्षेत्रमा भारतीय अतिक्रमण रोक्न वीरतापूर्वक लडेका थिए देवनारायण यादव। उनलाई भारतीय प्रहरीले नियन्त्रणमा लिएको थियो। गतवर्ष नेपाल-भारत सीमामा पर्ने तिलाठीमा भारतीय पक्षले एकतर्फी बाँध बाँध्न खोज्दा यादव नेतृत्वको नेपाली समूहले प्रतिवाद गरेको थियो। सो क्रममा उनी घाइते भएका थिए।

भारतीय पक्षले नेपाली भूमि डुबानमा पर्ने गरी सप्तरीको तिलाठीको दसगजामा निर्माण गरेको बाँध नेपाली पक्षले भत्काएको थियो। सप्तरीबासीले नेपालको १ इन्च जमिन पनि भारतलाई नदिने कसमसमेत खाएका थिए।

सप्तरीको तिलाठी सीमाको दसगजा र भारतको बिहार राज्यको सुपौलको कुनौलीको दसगजा क्षेत्रमा पर्ने खाडो नदीमा भारतीय पक्षले एकतर्फीरूपले बाँध बनाएको विरोधमा नेपाली लाठी लिएर निस्किएका थिए। बालकदेखि वृद्धसम्म नेपाली भूमि रक्षाका लागि ४ घण्टासम्म भारतीयसित लडिरहे। भारतीय बाँसका भाटा लिएर आक्रमण गर्न थालेपछि नेपाली पनि त्यही भूमिकामा उत्रिए।

नेपाल मानवअधिकार संगठन मकवानपुरले सीमारक्षार्थ अधिकारका लागि लड्ने उनै यादवलाई नगद ५ हजार १ रुपियाँसहित सम्मान गरेको छ। उनलाई शनिबार हेटौंडामा छायादेवी स्मृति मानवअधिकार सम्मान प्रदान गरिएको हो।

तिलाठी-४ का यादव १ मातृभूमिप्रेमी नेपाली हुन्। उनले भने- 'भारतीयलाई नेपाली अस्मितामाथि प्रहार गर्न दिँदैनौं, हाम्रो मातृभूमिको माटो लग्न दिँदैनौं, नेपालीको शरीर मातृभूमिका लागि हो, मातृभूमिको रक्षाका लागि रगत बग्नुले ठूलो अर्थ राख्दैन।' उनलाई हेटौंडा उपमहानगर उपमेयर मीना लामा र नेपाल मानवअधिकार संगठन अध्यक्ष कृष्णप्रसाद दाहालले सम्मानित गरेका थिए।

## छोरीको मृत्युको खबरले पिताको ज्यान गयो

दोलखा (नेस)

छोरीको मृत्युको खबर सुनेर दोलखाको बिगु गाउँपालिकामा वृद्ध पिताको समेत मृत्यु भएको छ। आइतबार साँझ बोलेरो दुर्घटनामा परेर दोलखा बिगु गाउँपालिका वडा नम्बर ४ लादुकका ४५ वर्षीया ईश्वरी थापाको मृत्यु भएको थियो। उनको मृत्युको खबर पाएपछि मृतक ईश्वरीको पिता ७१ वर्षीय भुवनसिंह खत्रीको समेत सोमबार मृत्यु भएको बिगु गाउँपालिकाका प्रमुख युधिष्ठिर खड्काले बताए।

मृतक भुवनसिंहका २ छोरीमात्र रहेको र दुर्घटनामा मृत्यु भएकी ईश्वरी कान्छी छोरी हुन्। भुवनसिंह छोरीकै रेखदेखमा बस्दै आएका थिए।

# समयमै काम सम्पन्न नगर्ने ठेकेदारलाई कारबाही हुन्छ : *प्रचण्ड*

नेपाल समाचारपत्र

चितवन

नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समयमा गुणस्तरीय काम नगर्ने ठेकेदार जो कोही भए पनि कारबाही हुने बताएका छन् । मंगलबार भरतपुरमा प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपालले संयुक्तरूपमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष प्रचण्डले विकास निर्माणमा लापरबाही गरेको भेटिए आफ्नै घरबेटीलाई पनि कारबाही हुने बताए। उनले भने- 'ठेकेदारले गुणस्तरीय काम गनुपर्छ, यदि त्यहाँ लापरबाही छ भने सरकार कडाइपूर्वक जानुपर्छ, गल्ती गरेको छैन भने प्रोत्साहित हुन्छ।' प्रचण्डले गृहमन्त्रीलाई यस विषयमा आफूले कुनै दबाब नदिएको दाबी गरे। बाहिर चर्चा भएजस्तो गृहमन्त्रीलाई बोलाएर यो गर्नुहोस्, त्यो गर्नुहोस् भनेर नभनेको प्रचण्डको भनाइ छ।

प्रचण्ड ठेकेदार शारदा अधिकारीको खुमलटारस्थित घरमा बस्दै आएका छन्। अधिकारीको शैलुङ कन्स्ट्रक्सनले विभिन्न सडकको ठेक्का लिएर समयमा काम सम्पन्न गरेको छैन। प्रचण्डले राष्ट्रिय एकता कायम गर्न र विकास, समृद्धिको नयाँ संकल्पका लागि बृहत् राष्ट्रिय एकता निर्माण गरिरहेको बताए। उनले राजपालाई पनि सरकारमा ल्याउने विषयमा छलफल भइरहेको बताउँदै सहभागी हुन चाहे सरकारमा सहभागी गराउन सकिने बताए। 'कम्तीमा पनि नेपाली कांग्रेस सरकारमा आउनुहुँदैन, ल्याउने योजना पनि छैन, प्रचण्डले भने- 'बाँकी रहेका सबै दललाई सरकारमा ल्यायोभने डेमाक्रेसी चल्छ।'

प्रचण्डले कतिपय विषयमा नेपाली कांग्रेससँग पनि सहकार्य गरेर काम भइरहेको बताए। उनले राष्ट्रिय महत्त्वका विषयमा कांग्रेससँग पनि सहमति गरिने स्पष्ट पारे। फौजादरी मुद्दा लागेका सांसदलाई निलम्बन गर्ने भन्ने विषयमा सबै दलको सहमतिपछि निर्णय लिइएको उनले जानकारी दिए। नियमावलीमा नराखिए पनि ऐनमा भने निलम्बन शब्द राखिने प्रचण्डले बताए।

प्रचण्डले कार्यकारी राष्ट्रपति अहिलेको एजेन्डा नभएको बताए। 'संविधान निर्माण गर्ने बेलाको एजेन्डा हो, त्यतिबेला हामीले कार्यकारी राष्ट्रपतिको एजेन्डा अघि सारेका थियौं, त्यो अहिले पनि गलत थियो भनेका छैनौं' -उनले भने। राष्ट्रपतिभन्दा पनि यतिबेलाको एजेन्डा सुशासन, विकास र समृद्धि भएको प्रचण्डको भनाइ छ। प्रचण्डले सरकारले छिट्टै नै जनताले अनुभूति गर्ने गरी काम गर्ने भन्दै क्रमश: गेयर बढाउँदै लैजाने दाबी गरे।

**गोदावरी मल्टीप्रपोज स्टेडियम निर्माण योजना (Godawari Multipurpose Stadium Development) को वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यक्षेत्र निर्धारण (Scoping) सम्बन्धी सार्वजनिक सूचना**

मिति : २०७५/०२/३०

गोदावरी नगरपालिका वडा नं. १० मा निर्माण हुने गोदावरी मल्टीप्रपोज स्टेडियम (Godawari Multipurpose Stadium Development) योजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्रममा वातावरण संरक्षण नियमावली २०५४ को दफा ४ उप-दफा १ अनुसार कार्यक्षेत्र निर्धारण (Scoping) सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यस योजना चापागाउँबाट ३ कि.मि. दुरीमा पर्दछ । विशेष फुटवललाई लक्षित गरी बनाउने 800 sqm builtup area मा बन्ने स्टेडियमको क्षमता १३००० (तेन्ह हजार) दर्शकको लाग लक्षित गरेर बनाइने छ ।

यस सूचना मार्फत् यस योजनाबाट प्रभावित हुने गोदावरी नगरपालिका वडा नं १० मा रहेका सरोकारवाला सर्वसाधारण स्कूल, स्वास्थ्यचौकी एवम् संस्थाहरु लगायत सम्पूर्ण सरोकारवालालाई प्रकाशित भएको मितिले १५ दिन भित्र मौखिक वा लिखित राय सुझाव दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना :**

**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बज्रबाराही, ललितपुर**
**सम्पर्क नं. ०१-५५७२५९२**
**ईमेल : godawari.nagarpalika@gmail.com**

**नेक्सट कन्सल्ट प्रा.लि.**
**(परामर्श दाता कम्पनी)**
**किर्तिपुर, काठमाडौं, नेपाल**
**सम्पर्क नं. ०१-४२८९६३५**
**ईमेल : nextconsult15@gmail.com**

# स्थानीय सरकारलाई सहकारी अभिलेख हस्तान्तरण

नेपाल समाचारपत्र

काभ्रे

स्थानीय सरकार निर्वाचित भएको १ वर्षपछि संविधानले गरेको व्यवस्थाअनुसार डिभिजन सहकारी कार्यालयले स्थानीय सरकारलाई अभिलेख हस्तान्तरण गरेको छ।

सहकारी विभागका उपरजिस्ट्रार नारायणप्रसाद अर्यालले देशभर रहेका सहकारी डिभिजनका कार्यालय र अभिलेख स्थानीय सरकारलाई हस्तान्तरण गरिसकिएको बताए। अभिलेख हस्तान्तरण गर्दै अर्यालले जनप्रतिनिधिलाई सहकारी दर्ता, ऐन नियम, नियमन र अनुगमनका बारेमा छुट्टै शाखा गठन गरेर सहकारीको विकास गर्नुपर्ने बताए। जिल्लाबाट प्रदान हुने सहकारीसम्बन्धी शिक्षा, तालिम, गोष्ठी स्थानीय सरकारले आयोजना गर्नुपर्ने बताए। कार्यक्रममा जिल्ला समन्वय उपप्रमुख मञ्जु गौतमले सहकारीले स्थानीयस्तरमा आयआर्जनका कार्यक्रम अगाडि सार्नुपर्ने बताइन्। चौरीदेउराली गाउँपालिका अध्यक्ष दीनानाथ गौतमले कर्मचारी अभावका कारण संविधानले तोकेका अधिकारउपयोग गर्न सकस भएको बताए। 'अधिकार आयो कर्मचारी आएनन्', अध्यक्ष गौतमले भन- 'सहकारी अभिलेख लगेर राख्ने स्थान छैन, कर्मचारी छैनन्।' ३५ जना कर्मचारी दरबन्दी भएको स्थानमा २ जना कर्मचारीले गाउँपालिका सञ्चालन गरिरहेको उनले बताए। कार्यक्रममा सहायक प्रजिअ किरण थापा, नेपाल पत्रकार महासंघ काभ्रे शाखाका अध्यक्ष मोतीराम तिमल्सिना, सहकारीका राजु अधिकारी, जिल्ला सहकारी संघका अध्यक्ष विनोद पराजुलीलगायतले स्थानीय सरकारले सहकारीलाई प्राथमिकता दिनुपर्ने बताए।

जिल्लामा सबैभन्दा धेरै बनेपा नगरपालिकामा २ सय २० सहकारी रहेका छन् भने धुलिखेलमा ९९, पनौती १ सय ३६, मण्डन देउपुरमा १ सय ७२, पाँचखालमा १ सय ३७, नमोबुद्ध १ सय २ सहकारी रहेका छन् । त्यस्तै चौरीदेउराली गाउँपालिकामा ५७, भुम्लु गाउँपालिकामा ४१, तेमालमा ६१, रोशीमा ८९, महाभारतमा ३८, खानीखोलामा ३३ र बेथाञ्चोकमा ७१ सहकारी रहेका छन्। २ भन्दा धेरै साविकका गाविस वा नगरपालिकाको कार्यक्षेत्र रहेका सहकारीलाई प्रदेश सकारले अनुगमन गर्नेछ भने जिल्लास्तरीय सहकारीलाई केन्द्रीय सहकारीले अनुगमन गर्नेछ। जिल्लामा रहेका १३ वटै स्थानीय सरकारलाई अभिमुखीकरणसहित अभिलेख हस्तान्तरण गरिएको छ।

सप्तरीबाट दिलवाले, सोफिया, कस्तुरीलगायतका मदिरा तथा विभिन्न ब्रान्डका वियर बढी मात्रामा भारत निकासी हुने गरेको छ।

# मुस निर्माणले फाइदै फाइदा

**धनवीर दाहाल, रुकुम**

बाँफीकोट गाउँपालिका-२ पीपल कुनाखेतमा बहुउद्देश्य पानी प्रणाली (मुस) निर्माण गरिएको छ। झन्डै साढे ९ लाख रुपियाँ लगानीमा छिप्रेखोला खरखहरे बहुउद्देश्य पानी प्रणाली (मुस) निर्माण गरिएको हो।

यूसआईडी र रुकुमेली समाज विकास केन्द्रको साझेदारीमा सञ्चालित पहल कार्यक्रमको २ लाख ७६ हजार १ सय ५१ रुपियाँ, समुदायको ५ लाख ८४ हजार ५ सय २७ रुपियाँ र गाउँपालिका बाँफीकोटको ६५ हजार रुपियाँ गरी ९ लाख २५ हजार ६ सय ७८ रुपियाँको लगानीमा बहुउद्देश्य पानी प्रणाली (मुस) को निर्माण गरिएको स्थानीयले बताएका छन्। स्थानीयबासी तुलसा घर्तीका अनुसार खानेपानीको समस्या भोग्दै आएको गाउँमा (मुस) निर्माणपछि खानेपानीका साथै सिँचाइको समेत सुविधा पुगेको छ। 'यसअघि गाउँमा खानेपानी सहज नहुँदा सानीभेरीको पानी खान बाध्य थियौं, मुसमार्फत गाउँमा खानपानी निर्माण भएपछि सहज भएको छ' -उनले भनिन्।

बहुउद्देश्य पानी प्रणाली (मुस) अन्तर्गत ५ वटा सिँचाइ धारा, ६ वटा बालमैत्री धारा निर्माण गरिएको रुकुमेली समाज विकास केन्द्रका अध्यक्ष नरबहादुर नेपालीले जानकारी दिएका छन्। उनले भने- 'समुदायको माग र आवश्यकताको आधारमा (मुस) निर्माण गरिएको हो।' कार्यक्रमले रुकुम जिल्लाका साविकका पीपल, पोखरा, काँडा, रुकुमकोट र चुनवाङ गाविसमा कृषि, जीविकोपार्जन, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्दैआएको छ।

# भारतीय र पाकिस्तानीको निर्देशनमा ठगी धन्दा सञ्चालन

**कृष्णउदास खनाल, वीरगन्ज**

जिल्ला प्रहरी कार्यालय पर्साले लट्री परेको भन्दै ठगी गर्ने गिरोहलाई पक्राउ गरी सार्वजनिक गरेको छ। प्रहरीले वीरगन्ज महानगरपालिका-१८ नगवा बस्ने १८ वर्षीय अक्षयकुमार चौरसिया, महानगरकै वडा नं १६ का १८ वर्षीय युवराज पासवान, वडा नं १९ बस्ने २२ वर्षीय वीरनारायण चौरसिया र महानगरपालिका कै वडा नं २ रेल्वे रोड बस्ने २२ वर्षीय राहुलकुमार राउतलाई मंगलबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो । पक्राउ परेकाहरू ठगी धन्दाका सहयोगी मात्रै भएको प्रहरीले बताएको छ। उनीहरूले ह्वाट्सएप, इमो, भाइबरको प्रयोग गरी सोझासाझा नागरिकलाई ठग्ने गरेको जानकारी दिएको छ।

२५ देखि ३५ लाखसम्मको लट्री परेको छ भन्दै प्रलोभनमा पारेर ठग्ने गरेको पाइएको प्रहरी उपरीक्षक रेवती ढकालले जानकारी दिए। पुरस्कार लिनका लागि लाग्ने करबापतको रकम सम्बन्धित सरकारलाई अग्रिम भुक्तानी गर्नुपर्ने भनी फकाइफुलाई गरेर उनीहरूले आईएमी र बैंकमार्फत पैसा पठाउन लगाइ ठग्ने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। उनीहरूको साथबाट प्रहरीले नगद १ लाख ५ हजार, मोबाइल ४ थान, आइएमईको भौचर ७ थान, मतदाता परिचयपत्र, नागरिकता प्रमाणपत्र, विभिन्न बैंकका चेक तथा एटीएमसमेत बरामद गरेको छ।

प्रहरी स्रोतका अनुसार मुख्य अभियुक्त (भारतीय, पाकिस्तानी) ले ठगी गरेको रकम संकलन गर्नको लागि पक्राउ परेका व्यक्तिमध्येका वीरनारायण चौरसियालाई निजको मोबाइलमा आइएमई कोड र रकमको विवरण पठाइ रकम झिक्न लगाउने गरेको तथ्य खुलेको छ। परिचयपत्र प्रयोग गरी रकम झिकेबापत चौरसियालाई प्रतिदिन २ देखि ४ हजार रुपियाँसम्म दिने गरेको तथ्य खुलेको पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक ढकालले बताए।

'वीरनारायण चौरसियाले भारतीय र पाकिस्तानी अभियुक्तसँग सम्पर्क गरी उनीहरूले भनेअनुसार अन्य अभियुक्तको परिचयपत्र प्रयोग गरी मोटो रकम झिकी प्रतिदिन १ लाखसम्म भारतको रक्सौलबाट दिएको खातामा जम्मा गर्ने गरेका रहेछन्' -उनले भने।

# विहारमा सराबबन्दी भएपछि नेपालमा तस्करी बढ्यो

**शिवहरिप्रसाद भट्टराई, राजविराज**

भारतको विहार राज्यमा सराबबन्दीको कानुन लागू भएपछि सीमावर्ती नेपाली भू-भागमा मदिराको बिक्रीवितरण तथा अवैध निर्यात बढेको छ। सीमावर्ती क्षेत्रका पसलमा मदिरा सेवन गरी घर फर्कने तथा नेपालमा रहेका आफन्तको घरमा पाहुनाको रूपमा बसेर मदिरा सेवन गर्ने क्रमसमेत बढेको हो।

भारतीय नागरिकको ओहोर-दोहोर बढेपछि विहारसँग सीमा जोडिएका सीमावर्ती क्षेत्रमा गैरकानुनीरूपमा मदिराको बिक्रीवितरण र सेवन बढेको स्थानीय बताउँछन्। उनीहरूका अनुसार अधिकांश सीमावर्ती बजारमा मदिराका पसल खुल्ने क्रम पनि बढेको छ। दसगजा क्षेत्रभित्रै पनि मदिराका पसल सञ्चालन भइरहेको उनीहरू बताउँछन्।

सप्तरीको राजगढ गाउँपालिकाअन्तर्गतको बर्दाही तथा झुट्की-बनैनीयाँ क्षेत्रमा दसगजा क्षेत्रभित्रै मदिरा पसल सञ्चालनमा आएको स्थानीयले जानकारी दिए। विभिन्न नाका हुँदै मदिराको अनाधिकृत निकासीसमेत बढेको छ। मदिरा निकासीका लागि साइकल र मोटरसाइकलको प्रयोग अधिक छ। ४ चक्के सवारीसाधनमार्फत पनि लुकीचोरी मदिराको निकासी हुने गरेको छ।


सप्तरीबाट भारततर्फ मदिरा तस्करी गरिदै।

सवारीसाधनमा प्रहरीको निगरानी बढेपछि पछिल्लो समय गोरुगाडा र घोडाको प्रयोगसमेत बढेको छ। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित गोबरगाढा क्षेत्रलाई नाका बनाएर घोडामा मदिरा निकासी हुने गरेको स्थानीय युवा रामभरोसी यादव बताउँछन्।

'दसगजा क्षेत्रभन्दा ५ सय मिटर टाढा बेच्ने गरी ३ जनाले लाइसेन्स लिएका छन्', उनले भने- 'यसैको आधारमा सयौं कार्टुन मदिरा भारत निकासी भइरहेको छ।' एक पोका मदिरा पारिपट्टि पुर्‍याउन तस्करले ५ सय रुपियाँ दिने गरेको कारण यो काममा संलग्न हुनेको संख्या बढ्दै गएको उनले जानकारी दिए।

यसैगरी, पातो नाका भएर पनि मदिराको ओसारपसार तीव्ररूपमा बढेको छ। भारतीय नम्बर प्लेटका मोटरसाइकलको प्रयोग गरी दैनिक २ सय कार्टुनभन्दा बढी मदिरा निर्यात हुने गरेको त्यस क्षेत्रका सर्वसाधारणले जानकारी दिएका छन्।

सप्तरीबाट दिलवाले, सोफिया, कस्तुरीलगायतका मदिरा तथा विभिन्न ब्रान्डका वियर बढी मात्रामा भारत निकासी हुने गरेको छ। सप्तरीबाट गैरकानुनीरूपमा मदिराको ओसार-पसार बढेको विषयमा प्रहरी/प्रशासनलाई जानकारी नै नभएको भने होइन। प्रहरीले बेलाबखत संलग्नलाई पक्राउ पनि गर्ने गरेको छ, तर तस्करीको रूपमा मौलाएको मदिराको निकासी नियन्त्रण हुन सकेको छैन। मदिराकै कारण सुरक्षामा समेत प्रतिकूल असर पर्ने र त्यसले २ देशको मित्रतामा समेत खलल पुर्‍याउन सक्ने नागरिक सञ्जालका अध्यक्ष सुखराम यादव बताउँछन्।

नेपाल कम्युनिस्ट पार्टी (ने क पा) का केन्द्रीय सदस्य तथा राष्ट्रियसभाका सदस्य सुमनराज प्याकुरेलले पनि मदिराको गैरकानुनी निकासी र प्रयोग तीव्ररूपमा बढेको पुष्टि गरेका छन्।

'मदिराका कारण विहार सरकारसँग नेपालको सम्बन्ध विग्रने अवस्था छ', बिहीबार राजविराजमा आयोजित एक कार्यक्रममा उनले भने- 'दैनिक २५ ट्रक मदिरा नेपालबाट भारतको विहारतर्फ निकासी हुने गरेको जानकारी छ।'

सप्तरीका एसपी मुकेश कुमार सिंहले भने अनाधिकृत मदिरा निकासी र बिक्रीवितरणलाई नियन्त्रण गर्न प्रहरीले सक्दो प्रयास गरेको बताए। मदिरा तथा भन्सार चोरी निकासी बन्द गर्न प्रदेश सरकार नै सक्रिय भएर लागेकोले सोहीअनुसार प्रहरीको सक्रियता पनि बढाइएको उनले जानकारी दिए।

दसगजा क्षेत्रभित्रका मदिरा पसल र बिक्रीवितरण बन्द गर्न प्रदेश सरकारले निर्देशन दिएअनुसार प्रहरीले कडाइका साथ काम गरिरहेको बताएका उनले जेठ २८ गतेभित्र मदिराका कारण अहिले देखिएको विकृति सबै हटाउने दाबी पनि गरे।

# महिला निर्माण व्यवसायी समयमै काम सम्पन्न गर्न सफल

**कालीबहादुर मल्ल, कालिकोट**

गृह मन्त्रीले देशभरी समयमा काम नगर्ने ठेकेदारको सूची तयार पारी कारबाही प्रक्रिया शुरू गरेको बेला कालिकोटमा भने निर्माण व्यवसायी तारा शाही जिल्लाको मुहार बदल्न सफल भएकी छन्।

सुपस्टार निर्माण सेवामार्फत भौतिक संरचना निर्माण अभियानमा लागेकी कर्णालीकै १ मात्र साहसिक महिला ठेकेदार ताराले यस जिल्लाका ९५ प्रतिशत करोडौंका भवन निर्माण कार्य सफताकासाथ सम्पन्न गरेकी छन्।

उसो त १६ वर्ष सदरमुकामको बीचमा रहेको महादेव निमावि बालमन्दिर विद्यालयकी प्रधानाध्यापक भएकी ताराले उत्कृष्ट कार्य गरेको सोही विद्यालय व्यवस्थापन समिति अध्यक्ष हर्षबहादुर शाही बताउँछन्। अछाम जिल्लाको भानकोट घर भई हाल खाडाचक्र नगरपालिका-१ निवासी ताराले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय जुम्लाको सहयोगमा २३ करोडको कुमालगाउँ प्राथमिक स्वास्थ्य केन्द्रको भवन र ८ करोडको जिल्ला सदरमुकामस्थित एकीकृत भवनको निर्माण कार्य सम्पन्न गरेकी छन्। यस्तै ५ करोडको जिल्ला समन्वय समितिको भवन, ४ करोडको जिल्ला अदालत भवन, २ करोडको जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय भवनको निर्माण सफलताकासाथ सम्पन्न गरेकी छन्।

यस्तै जिल्ला वन, महिला तथा बालबालिका कार्यालय, भैंसी गौडा पक्की पुललगायत निर्माण कार्य सम्पन्न हुने अवस्थामा पुगेको निर्माण व्यवसायी तारा बताउँछिन्। कालिकोट जिल्लामा मात्रै ६५ करोड लागतका भवन तथा विकास निर्माणको काम तारा शाहीको सुपरस्टार निर्माण सेवा जेभीमार्फत भएको शहरी विकास तथा भवन डिभिजन कार्यालय जुम्लाका प्राविधिक चन्द्र खड्का बताउँछन्। २०६५ सालबाट निर्माण व्यवसायीमा प्रवेश गरेको र कर्णाली करिडोर, डिल्प सडकलगायत २० करोडबराबरका निर्माण कार्य पहिले नै सम्पन्न गरिसकेको ताराको भनाइ रहेको छ।

करोडौंका भवन बनेपछि पहिलेको भन्दा जिल्ला सदरमुकामको स्वरुप नै बदलिएको महसुस गर्दछन् खाँडाचक्र नगरपालिका-११ का वडाध्यक्ष पुष्पराज गिरी। महिलाले केही गर्न सक्दैनन् भन्नेका लागि ताराले सफताकासाथ अरबौंका भवन निर्माण सम्पन्न गरेर झड्का दिएको उनको भनाइ रहेको छ।

गृह मन्त्रालयको परिपत्रअनुसार जिल्ला प्रशासन कार्यालयले समयमा काम नगर्ने १६ निर्माण व्यवसायी र १३ विद्यालय व्यवस्थापन समितिका नाम सिफारिस गरे पनि रमेश शाहीको नाम कारबाहीमा नपर्ने भनी सिँचाइ डिभिजन कार्यालयले सच्याएर पठाएको प्रमुख जिल्ला अधिकारी चन्द्रनाथ गौतमले बताएका छन्। भिग्म सिँचाइ आयोजना फोइमहदेवको रमेश शाही प्रतिनिधिमात्र भएको हुनाले पुनः सच्याएर पठाएको उनको भनाइ रहेको छ।

# ढिस्कोले पुरिंदा एकको मृत्यु, दुई घाइते

लमजुङ, (नेस)

लमजुङमा माटो खन्ने काम गर्दा ढिस्कोले पुरिंदा १ को मृत्यु, २ घाइते भएका छन्। जिल्लाको मध्यनेपाल नगरपालिका-७ को करापुटारस्थित ईशानेश्वर मन्दिर परिसरमा पर्खाल निर्माणका क्रममा माटोको ढिस्कोले पुरिंदा सो घटना भएको हो।

उक्त ईशानेश्वर महादेव मन्दिर परिसरमा १ सय ८ धारा निर्माण गर्ने क्रममा माटो खन्दा ढिस्कोले पुरिएर सोही स्थानका १८ वर्षका श्यामबहादुर परियारको मृत्यु भएको इलाका प्रहरी कार्यालय भोर्लेटारका प्रहरी निरीक्षक जयराम वन्तले बताउनुभयो। उहाँका अनुसार उक्त घटनामा स्थानीय ५५ वर्षीय माधव अधिकारी र ५६ वर्षीय किमबहादुर नेपाली घाइते भएका छन्। परियारलाई प्रहरी टोलीले उद्धार गरी उपचारका लागि स्थानीय चिसङ्कु स्वास्थ्य चौकीमा लैजाने क्रममा बाटोमा मृत्यु भएको वन्तले बताउनुभयो। उहाँका अनुसार पोस्टमार्टमका लागि परियारको शव तनहुँ दमौली पठाइएकामा पोस्टमार्टमपछि सम्बन्धित परिवारलाई अन्तिम संस्कारका लागि जिम्मा लगाइसकिएको छ। त्यस्तै घाइतेको उपचारका लागि जिल्ला अस्पताल पठाइएको वन्तको भनाइ छ।

# डोटीमा अघोषित लोडसेडिङ

डोटी, (नेस)

केही दिनदेखि डोटी जिल्लाका बासिन्दा अघोषित लोडसेडिङको मारमा परेका छन्। लोडसेडिङमुक्त क्षेत्र रहेको भन्दै नेता र विद्युत्का कर्मचारीले भनिरहे पनि डोटीलगायत ७ नं प्रदेशका अन्य विभिन्न जिल्लामा दैनिक लोडसेडिङ भइरहेको छ।

चर्को गर्मीमा लोडसेडिङ हुन थालेपछि दिपायल तथा सिलगढीबासीको दैनिकी कष्टकर बन्न थालेको छ। डोटीमा क्षमताभन्दा बढी विद्युत् प्रसारण लाइन वितरण गरिएका कारण दैनिकरूपमा विद्युत् कटौती हुन थालेको नेपाल विद्युत् प्राधिकरण दिपायलका इन्जिनियर उमेश कठायतले बताउनुभयो। उहाँले भन्नुभयो- 'हाम्रो जिल्लामा क्षमताभन्दा बढी विद्युत् लाइन विस्तार भएको छ, बत्तीको पावरले धान्दैन, अनि लाइन फल्ट भएर काट्नपर्ने हुन्छ।'

त्यस्तै ११ सय केभीए क्षमताको विद्युत् प्रसारण कैलालीको अत्तरीयाबाट सीधै दिपायल जोडिएको र दिपायलबाट त्यही लाइनबाट अछामलगायतका अन्य ठाउँमा विद्युत् दिने गरेका कारण पनि समस्या भएको इन्जिनियर कठायतले बताउनुभयो।

'एउटै फेडरबाट डोटी र अछाममा विद्युत् वितरण गरिएका कारण डोटीलगायतका जिल्लामा समस्या भएको हो', उहाँले भन्नुभयो- 'हामीले जिल्लाका चवराचौतारा र मौवामा सबस्टेसन बनाउँदै छौ, अछामले पनि आफ्नो छुट्टै ११ सय केभीएको लाइन तान्ने तयारी गरेको छ, यी काम पूरा भए डोटीको विद्युत् समस्या समाधान हुनेछ।' ७ नं प्रदेशमा लोडसेडिङ नरहेको विद्युत् कर्मचारीको दाबी छ। उनीहरूका अनुसार विद्युत् लाइन मर्मत र फल्ट हुने गरेका कारण केही घन्टा विद्युत् अवरुद्ध हुने गरेको र लोडसेडिङ भने मुक्त भएको छ।


**नेत्रावती डबजोङ गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सेमजोङ , धादिङ, ३ नं. प्रदेश, नेपाल

**सूची दर्ता गर्ने बारेको सूचना**

(तेस्रो पटक प्रकाशन मिति :- २०७५/०२/३० गते)

यस गाउँपालिकाका लागी तपसिलमा उल्लेख सवारी साधन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम र उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि २०७४ बमोजिम खरिद प्रयोजनका लागी सूची तयार गर्नुपर्ने भएकोले सम्बन्धित उत्पादक वा अधिकृत विक्रेताले सात दिन भित्र यस गाउँकार्यपालिकाको कार्यालयमा सूचिकृत हुन उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर **(PAN)** तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात संलग्न गरी निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकासित गरिएको छ । रित नपुगी र म्याद नाघी आएका दरखास्तलाई मान्यता दिइने छैन । प्राप्त दरखास्त उपर छानबिन गरी सूचिकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

| सि. नं. | खरिद गर्नुपर्ने सवारी साधनको नाम | सवारी साधनको विवरण | कैफियत |
|---|---|---|---|
| १ | Double cab Pickup 4WD with Airbag and ABS | GVW not less than 2800kg, Pay-load not less than 900kg, maximum power and torque output not less than 110 HP and 260 Nm and all others as per approved technical specification | |

**प्रमुख प्रशासकिय अधिकृत**



**वातावरणीय प्रभाव मूल्यांकन (EIA) को लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०७५।०२।३०**

आनन्दवन अस्पताललाई २०० शैया बढोत्तरी गरी समग्र क्षमतामा स्तरोन्नती गरिनु अघि वातावरण संरक्षण नियमावली २०५४ (संशोधन सहित) अनुसूचि २ अनुसार वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्विकृत गराउनु पर्ने प्रावधान रहेकोले वातावरणीय प्रभाव मूल्यांकन गर्ने कममा उक्त नियमावली बमोजिम यस प्रस्ताव कार्यान्वयनबाट निम्न वातावरणीय क्षेत्रहरुमा १. भौतिक वातावरण, २. सांस्कृतिक वातावरण, ३. जैविक वातावरण, ४. आर्थिक, समाजिक तथा सांस्कृतिक वातावरण, ५. मानविय कृयाकलाप र यिनका अवयवहरुको अन्तरकृया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ, के कस्तो प्रभाव पर्नेछ सो उल्लेख गरि क्षेत्र निर्धारण (**Scoping**) गर्नु पर्ने भएकोले सोही नियमावलीको नियम ७ उपनियम २ अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

दि लेप्रोसी मिसन नेपालअर्न्तगत आनन्दवन अस्पताल रोग निदान गर्ने तथा स्वास्थ्यसम्बन्धी गैर नाफामूलक सेवाप्रदायक संस्थाको रुपमा रहेको छ । यस अस्पतालमा स्वास्थ्य सेवा क्षमता विस्तार गर्दै २०० शैया थपिनेछ र दैनिक १५०० सम्मको बिरामीहरुले यस अस्पतालको दिवा तथा आकस्मिक सेवाहरु पाउन सक्नेछन् । हाल, आनन्दवन अस्पताल टिकाभैरव, गोदावरी न.पा. ६, ललितपुरमा संचालनमा रहेको छ ।

| प्रस्तावकको नाम | प्रस्तावको व्यहोरा | प्रभाव पर्न सक्ने क्षेत्रहरू |
|---|---|---|
| दि लेप्रोसी मिसन नेपाल (The Leprosy Mission Nepal) | आनन्दवन अस्पतालमा २०० शैया बढोत्तरी गरी समग्र क्षमतामा स्तरोन्नती गरिने | गोदावरी नगरपालिका, नगरपालिका भित्रका वन, जलस्रोत, हावापानी, सामाजिक आर्थिक पक्षहरु |

वातावरणीय प्रभाव मूल्यांकन गर्दा वातावरणमा पर्न सक्ने प्रभाव र क्षेत्र पहिचान गरी प्रतिकूल प्रभाव न्यूनीकरणको व्यवस्था गरिने जानकारी गरिन्छ । यसै सिलसिलामा उल्लेखित प्रस्ताव कार्यान्यन गर्दा उक्त आयोजना प्रभावित क्षेत्रमा पर्ने सम्बन्धित नगरपालिका, निकायहरु, क्षेत्र भित्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति तथा संघ सस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्नलिखित कुनै एक ठेगानामा आइपुग्ने गरी राय सुझाव उपलब्ध गराइदिनहुन अनुरोध गरिन्छ ।

| | | |
|---|---|---|
| **दि लेप्रोसी मिशन नेपाल**<br>**ताल्छिखेल, ललितपुर**<br>info@tlmnepal.org<br>**फोन नं: ०१५५१३७१** | **आनन्दवन अस्पताल**<br>**गोदावरी न.पा.०६,**<br>**टिकाभैरव, ललितपुर**<br>**फोन नं: ०१६२१८३९८** | **गोदावरी नगरपालिका**<br>**वडा नं. ६ को कार्यालय**<br>**टिकाभैरव, गोदावरी नगरपालिका ०६, ललितपुर** |